नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

**आयरल्याण्डमा संचालन हुने कन्सुलर सेवा सम्बन्धी घुम्ती शिविरबारे जरुरी सूचना**

आयरल्याण्डमा देहायको मिति, समय र स्थानमा यस राजदूतावासद्वारा कन्सुलर सेवा सम्बन्धी घुम्ती शिविरमार्फत कन्सुलर सेवा प्रदान गर्ने कार्यक्रम रहेको हुँदा उक्त कन्सुलर सेवा शिविरमा उपस्थित भई आफुलाई आवश्यक परेको सेवाबाट लाभान्वित हुन सबैमा हार्दिक अनुरोध गरिन्छ।

**कन्सुलर सेवा घुम्ती शिविर संचालन सम्बन्धी विस्तृत व्यहोरा:**

मिति: १० मार्च २०२४, आइतवार
समय: विहान ९ वजे देखि दिउसोको ५ वजेसम्म
स्थान: Teachers Club, 36 Parnell Square West, Dublin 1, Ireland
सम्पर्क व्यक्ति: श्री प्रकाश सापकोटा, अध्यक्ष, गैरआवासीय नेपाली संघ, आयरल्याण्ड, मो. +353-877428147
श्री चन्द्र घले (काजि), महासचिव, गैरआवासीय, नेपाली संघ, आयरल्याण्ड, मो. +353-877406539

**कन्सुलर सेवा घुम्ती शिविरबाट प्रवाह हुने सेवाहरु:**
क) राहदानी नविकरण (मार्च, २०२५ सम्म बहाल अवधि रहेकाहरुले नविकरण गर्न सकिने)
ख) गैर आवासीय नेपाली परिचयपत्र (NRN ID), राजदूतावासबाट पछि तयार गरेर पठाउने गरी
ग) अधिकृत वारेसनामा (Power of Attorney, राजदूतावासबाट पछि प्रमाणिकरण गरेर पठाउने गरी)
घ) कागजात प्रमाणिकरण (Attestation)
ङ) एकतर्फी यात्रा अनुमतिपत्र (One way Travel Document)
छ) पर्यटक भिषा (Tourist Visa)

**- उल्लेखित सेवाहरु प्राप्त गर्न आवश्यक कागजात, शुल्क र प्रक्रियाबारे जानकारीको लागि राजदूतावासको वेबसाइट https://uk.nepalembassy.gov.np/ को होमपेजमा रहेको "Consular Services" मेनुमा गई समेत हेर्न सकिनेछ।**
**- विद्युतीय राहदानी तथा गैरआवासीय परिचय पत्रका लागि आवेदन गर्ने आवेदकहरुले अनिवार्य रुपमा अनलाइन फाराम भरी त्यसको एकप्रति प्रिन्ट गरी आवश्यक कागजातका साथमा उपस्थित हुनुपर्नेछ।**
**- कन्सुलर सेवावापतको राजश्व पाउण्ड स्टर्लिङमा बैंक कार्डमार्फत भुक्तानी गर्नु पर्नेछ।**
**- राहदानी र अधिकृत वारेशनामा प्रमाणिकरण गरेपश्चात निवेदकलाई इमेलमार्फत जानकारी गराइने र सो पश्चात सम्बन्धित आवेदकले कुनै कुरियर सेवा बुक गरेर सो को लेवल (labels) सहितको जानकारी यस राजदूतावासको इमेल Consular@nepembassy.org.uk मा गराउनु पर्नेछ।**
**- यस राजदूतावासबाट प्रदान गरिने कन्सुलर सेवा सम्बन्धमा कुनै जिज्ञासा भएमा राजदूतावासको इमेल Consular@nepembassy.org.uk मा प्रेषित गर्नु हुन वा +44-2072291594 मा फोन गर्नुहुन समेत अनुरोध गरिन्छ।**

EMBASSY OF NEPAL, 12A KENSINGTON PALACE GARDENS, LONDON W8 4QU
Tel: 020 7229 1594, Fax: 020 7792 9861 Email: consular@nepembassy.org.uk

